International Research Journal of MMC (IRJMMC)
ISSN 2717-4999 (Online) | 2717-4980 (Print)
Volume 7, Issue 1 │ March 2026

# अदुवा कथामा लोकप्रिय संस्कृति (Popular Culture in *'Aduwa'* Story)

**माया उपाध्याय अर्याल**

**Corresponding Author**
Maya Aryal Upadhyaya
Email: upadhyayamaya217@gmail.com

**To Cite this article:** Upadhyaya Aryal, M. (2026). अदुवा कथामा लोकप्रिय संस्कृति (Popular culture in 'Aduwa' Story). *International Research Journal of MMC, 7*(1), 135–145. https://doi.org/10.3126/irjmmc.v7i1.93009

**Submitted**: 25 January 2026 **Accepted:** 16 February 2026 **Published:** 31 March 2026

## लेखसार

'अदुवा' कथा दुर्गा कार्कीद्वारा लिखित कुमारी प्रश्नहरू कथासङ्ग्रहमा सङ्ग्रहित कथा हो । प्रस्तुत अनुसन्धानात्मक लेख दुर्गा कार्कीको 'अदुवा' कथामा अन्तनिर्हित लोकप्रिय संस्कृतिको विश्लेषणमा आधारित रहेको छ । दुर्गा कार्कीको अदुवा कथामा अन्तनिर्हित लोकप्रिय संस्कृतिको अध्ययन प्रस्तुत शोधकार्यको प्राज्ञिक विषय हो । प्रस्तुत अध्ययनमा अनुसन्धान विधिको महत्त्वपूर्ण भूमिका रहेको छ । यसले वैज्ञानिक र व्यवस्थित अध्ययनका लागि आवश्यक चरणहरू उपलब्ध गराएर निष्कर्षसम्म पुग्नका लागि मार्गदर्शन गरेको छ । यस अध्ययनका लागि सामग्रीको स्रोत, सामग्री सङ्कलनको विधि र तरिका र सामग्री विश्लेषणको विधि र तरिका शोधविधिका रूपमा अवलम्बन गरिएको छ । प्रस्तुत अनुसन्धानात्मक लेखमा सामग्री सङ्कलनको स्रोत दुर्गा कार्कीको कुमारी प्रश्नहरू कथासङ्ग्रहमा सङ्ग्रहित 'अदुवा' कथालाई अध्ययनीय सामग्रीका रूपमा लिइएको छ । प्रस्तुत अनुसन्धानात्मक लेखको शोधविधि अन्तर्गत सामग्री सङ्कलन प्राथमिक र द्वितीयक विधिबाट गरिएको छ भने सामग्री विश्लेषणका लागि गुणात्मक विधिको प्रयोग गरिएको छ । यस अनुसन्धानात्मक लेखको प्राज्ञिक समस्याको समाधान र निर्धारित उद्देश्यहरू पूरा गर्नका निम्ति सामग्री सङ्कलन पुस्तकालयीय कार्यबाट चयन गरिएको छ । 'अदुवा' कथामा प्रयुक्त पात्रहरू, तिनको पृष्ठभूमि र परिवेश, आपसी अन्तरक्रिया, सांस्कृतिक जीवनपद्धति र मूल्य एवम् समस्यालाई उद्घाटन गर्ने विभिन्न पक्षहरूको प्रतिनिधित्व गर्ने साक्षीका रूपमा विविध सूचकहरूलाई उद्देश्यमूलक ढङ्गले प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । यसरी सङ्कलित सामग्रीहरूबाट प्राप्त तथ्याङ्कको विश्लेषण र मूल्याङ्कन गरी सामान्यीकृत निष्कर्षसम्म पुग्नका लागि विभिन्न सैद्धान्तिक र प्रायोगिक समालोचनाका ग्रन्थहरूबाट द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । प्रस्तुत लेखमा सामग्री विश्लेषणात्मकका लागि गुणात्मक विधिको प्रयोग गरिएको छ । लोकप्रिय संस्कृति भनेको सामान्य मानव समूहको संस्कृति भन्ने बुझिन्छ । 'अदुवा' कथा विभिन्न दृष्टिकोणबाट सबल रहे पनि यस लेखमा भने लोकप्रिय संस्कृतिको कोणबाट अध्ययन, विश्लेषण गरिएको छ । लोकप्रिय संस्कृतिको सैद्धान्तिक पर्याधारका दृष्टिकोणबाट अध्ययन, विश्लेषण गरी विश्लेष्य कथा संयोग, यात्रा, भावुक प्रेम र क्रियाकलापजस्ता दृष्टिकोणबाट दुर्गा कार्कीको कुमारी प्रश्नहरू कथासङ्ग्रहमा अवस्थित 'अदुवा' कथाको विश्लेषण गरिएको छ । यसक्रममा लोकप्रिय संस्कृतिका आधारमा प्रस्तुत कथाले नवीनतमता प्राप्त गरी विशिष्ट बनेको कुरा कथामा प्रस्तुत लोकप्रिय संस्कृति नै यस कथाको प्राप्ति हो भन्ने निष्कर्ष निकालिएको छ ।

***शब्दकुञ्जी:*** क्रियाकलाप, भावुक, लोकप्रिय, सम्प्रेषण, संयोग



©2026 The Author(s).

## Abastract

The present research article is based on the analysis of popular literature based on the story of Durga Kakri. Popular culture means common culture of a group of people. In the presented article, the main problematic of the story is selected as the main analysis of the content of the popular culture. As the main source of study material, library studies were considered as the basis, and as secondary material, various theoretical materials related to popular culture were used. Analytical methods are used in the presented article. Popular culture's theoretical framework approach from study, analysis, analysis, story combination, travel, passionate love and activities, approach from Durga Kakri's Kumari questions, existing in the collection of stories, the story is analyzed. Yes, based on the popular culture, the story is presented to the latest news.



***Keywords:*** activity, emotional, popular, communiciaton, coincidence


## १. विषयपरिचय

प्रस्तुत अनुसन्धानात्मक लेखमा ‘अदुवा’ कथामा प्रयुक्त लोकप्रिय संस्कृतिका तत्त्वहरूको पहिचान, विश्लेषण र कथालाई आमपाठकसमक्ष सम्प्रेषण गर्न तिनले कथामा खेलेको भूमिकाको विश्लेषणमा केन्द्रित रहेको छ । लोकप्रिय संस्कृति (पपुलर कल्चर) भनेको अधिक मानव समूहले अवलम्बन गरेको संस्कृति हो । यसको फैलावट छोटो समयमा अर्थात् एकैपटक व्यापक क्षेत्रमा हुने गर्छ । यसको प्रसार सञ्चार माध्यममार्फत हुने गर्छ । लोकप्रिय संस्कृतिको उपभोग अधिक रूपमा मोबाइल, फिल्म, टेलिभिजन, रेडियो लगायतका सञ्चारका साधन र नयाँ–नयाँ प्रविधिका साधनमार्फत गरेको पाइन्छ । पछिल्लो समयमा सामाजिक सञ्जाल प्रयोगकर्ताहरूको वृद्धि तिव्ररूपमा बढेको हुनाले यसको विषयवस्तु, शैली र अभ्यासले साहित्यलाई लोकप्रिय संस्कृतिका तत्त्वहरू प्रयोग गर्न र आमजनमानसका बिचमा फैलिन प्रेरित गरेको छ । सन् २०२० मा प्रकाशित दुर्गा कार्कीको ‘कुमारी प्रश्नहरू’ कथासङ्ग्रहमा सङ्ग्रहित अदुवा कथामा लोकप्रिय संस्कृतिको प्रभाव परेको देखिन्छ । यसको प्रभाव कथा लगायत साहित्यका विभिन्न विधामा परे पनि यसको उपयोगले आख्यानअन्तर्गत कथाका पात्र, परिवेश, क्रियाकलाप, घटना, शिल्प आदिलाई नवीनता प्रदान गरी अधिक पाठकमाझ पुग्ने अवसर दिइएको पाइन्छ । त्यसैले अदुवा कथामा प्रयुक्त लोकप्रिय संस्कृतिका तत्त्वलाई पात्रका चिन्तन, व्यवहार, संयोग, निर्णय, अपेक्षा र समस्यालाई उद्घाटन गर्नका निम्ति समालोचनामा सहज रूपमै उपयोग गर्न सकिन्छ ।

नेपाली कथा लेखनका क्षेत्रमा दुर्गा कार्की स्तरीय कथालेखनमा सक्रिय र सफल कथाकार हुन् । उनका कथामा संयोग, भावुकतामा आधारित युवा संवेदना, पछिल्लो पिँढीका युवावर्गको क्रियाकलाप तथा सामूहिक अनुभवको वैयक्तिक अभिव्यक्ति एवम् बिम्बात्मक शिल्पको उपयोग गरी पाठकलाई आफूतिर तान्ने कुशलता पाइन्छ । प्रस्तुत अनुसन्धेय लेखमा लोकप्रिय संस्कृतिका तत्त्वहरूको निरुपणका लागि दुर्गा कार्कीको कुमारी प्रश्नहरू कथासङ्ग्रहमा सङ्ग्रहित ‘अदुवा’ कथालाई लिइएको छ ।

लुइटेल (२०७७) ले ‘लाइट बाल्ने केटो’ कथालाई फिल्मी शैलीको सस्तो कथा मानेका छन् । एटम (२०८१) ले आख्यानमा लोकप्रिय संस्कृति अध्ययनका निम्ति विषयवस्तु र शैलीका आधारहरू दिँदै २०६१ सालदेखिका आख्यानको प्रारम्भिक विमर्श गरेका छन् । थापाले (२०२५) ले ‘लाइट बाल्ने केटो र सुटिङ रिपोर्ट कथा’ मा लोकप्रिय संस्कृति शीर्षकमा अनुसन्धानात्मक अध्ययन गरेका छन् । प्रस्तुत लाइट बाल्ने केटो र सुटिङ रिपोर्ट कथाहरूमा मनोरञ्जनात्मक पाटो, नवीन प्रविधिको प्रयोग, भाषामा अङ्ग्रेजीको प्रभाव तथा परसंस्कृतिको प्रभावजस्ता विविध सूचकहरूका आधारमा लोकप्रिय संस्कृतिको प्रयोगलाई विश्लेषण गरेको भए तापनि ‘अदुवा’ कथामा लोकप्रिय संस्कृतिको अध्ययन नभएको हुँदा उक्त रिक्तताको पूर्णताले प्रस्तुत अध्ययन औचित्यपूर्ण रहने छ

। 'अदुवा कथा' मा संयोग, यात्रा, भावुक प्रेम र क्रियाकलापजस्ता सूचकहरू पाइने हुनाले प्रस्तुत लेखमा संयोग, यात्रा, भावुक प्रेम र क्रियाकलापजस्ता पक्षहरूको अध्ययन गरिएको छ ।

'अदुवा' कथामा लोकप्रिय संस्कृतिका तत्त्वको प्रतिनिधित्व तथा पहिचानको भूमिका के-कसरी अभिव्यक्त भएको छ भन्ने जिज्ञासा प्रस्तुत अनुसन्धानात्मक लेखमा समस्याका रूपमा रहेको छ र उक्त समस्याको समाधान गर्ने उद्देश्य यो अनुसन्धानात्मक लेख तयार पारिएको छ । यसका निम्ति 'अदुवा' कथामा प्रयुक्त लोकप्रिय संस्कृतिका तत्त्वहरूको पहिचान गरी लोकप्रिय संस्कृति र लोकप्रिय साहित्यको अन्तरसम्बन्ध देखाउँदै कथामा कथानक, पात्र, जीवनदृष्टि, संयोग, क्रियाकलाप, शिल्प र प्रस्तुतिका नवीन पद्धतिहरूको उद्घाटन गरिएको हुनाले प्रस्तुत अनुसन्धानात्मक लेख औचित्यपूर्ण रहेको छ ।

## २. शोधविधि

'अदुवा' कथामा लोकप्रिय संस्कृतिको प्रयोग गरिएको छ भन्ने कुरा यस अध्ययनको तत्त्व मीमांसा हो । यस अनुसन्धानात्मक लेखमा लोकप्रिय संस्कृति प्रयोग भएको छ भन्ने कुरा पुष्टि गर्नका निम्ति यसमा सैद्धान्तिक आधार लिएर ज्ञान मीमांसाको प्रयोग गरिएको छ । यस कथामा लोकप्रिय संस्कृति प्रयोग गरेर सौन्दर्यपक्ष कलात्मक बनेको छ र त्यसले समसामयिक जीवनसँग निकटताको सम्बन्ध स्थापित गरेको छ भन्ने मूल्य मीमांसा यसमा प्रयुक्त रहेको छ । प्रस्तुत अनुसन्धानात्मक लेखका निम्ति निर्धारित उद्देश्यहरू पूरा गर्न पुस्तकालयीय कार्यबाट अध्ययनका निम्ति चयन गरिएको 'अदुवा' कथामा प्रयुक्त पात्रहरू, तिनको पृष्ठभूमि र परिवेश, आपसी अन्तरक्रिया, सांस्कृतिक जीवनपद्धति र मूल्य एवम् समस्यालाई उद्घाटन गर्ने विभिन्न पक्षहरूको प्रतिनिधित्व गर्ने साक्षीका रूपमा संयोग, भावुक प्रेम, यात्रा र क्रियाकलाप आदि सूचकहरूलाई उद्देश्यमूलक ढङ्गले प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । यसरी सङ्कलित सामग्रीहरूबाट प्राप्त तथ्याङ्कको विश्लेषण र मूल्याङ्कन गरी सामान्यीकृत निष्कर्षसम्म पुग्नका लागि विभिन्न सैद्धान्तिक र प्रायोगिक समालोचनाका ग्रन्थहरूबाट द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । उपर्युक्त दुवैप्रकारका सामग्रीहरूको समुचित प्रयोग गरी 'अदुवा' कथामा पात्रहरूले अभिरुचि राखेका, ग्रहण गरेका र अभिव्यक्त गरेका लोकप्रिय संस्कृतिसम्बद्ध पुस्तान्तरका कारक, अवस्था, प्रविधि र परिणाम उद्घाटन गर्ने विश्लेषणको एउटा सैद्धान्तिक ढाँचा तयार पारिएको छ र यसका लागि सांस्कृतिक अध्ययनका प्रतिनिधित्व तथा पहिचानका आधारमा गुणात्मक अनुसन्धान पद्धतिअन्तर्गत पाठविश्लेषण विधिबाट सामग्रीको उचित व्यवस्थापन गरी अथ्र्याउने काम गरिएको छ ।

### २.१ सैद्धान्तिक पर्याधार

लोकप्रिय संस्कृति पदावलीको प्रयोग विभिन्न अर्थमा भएको पाइन्छ । अङ्ग्रेजीमा पपुलर, नेपालीमा लोकप्रिय अर्थात् प्रचलित भन्ने हुन्छ । लोकप्रिय संस्कृति व्यवसायका रूपमा अगाडि बढेको आममानव समूहको अभिरुचिको विषय हो । स्टोरेईका अनुसार–लोकप्रिय संस्कृति भनेको आमउपभोक्ताका निम्ति उत्पादित व्यवसायिक संस्कृति हो (२०२४, पृ.६) । व्यवसायिक रूपमा बिक्री हुँदासम्म उत्पादित हुने हुनाले यो व्यवसायिक संस्कृति हो । यसका ग्राहकहरू बर्से भेलजस्तै आउने र हराउने गर्छन् । यो तात्क्षणिक रूपमा अगि बढेको हुन्छ । त्यसैले यसलाई उत्पादित संस्कृति भनेर पनि बुझ्न सकिन्छ । लोकप्रिय संस्कृतिका पाठ र अभ्यासहरू सार्वजनिक स्वैरकल्पनाका रूपमा देखा पर्छन् (स्टोरी, २००६, पृ.९) । लोकप्रिय संस्कृति भ्रमित खालको हुन्छ । यो स्वच्छन्द रूपमा देखा पर्ने हुनाले कसैको अधीनलाई स्वीकार गर्न सक्दैन । यसमा यर्थाथभन्दा पनि स्वैकल्पना हावी भएको पाइन्छ ।

लोकप्रिय संस्कृति आममानसको संस्कृति हो । यसले जनताको संस्कृति र समाजमा प्रधान विचारधाराको प्रर्दशन सबैभन्दा प्रभावकारी तरिकाले गरेको हुन्छ (कथाकली, सन् २०२३, पृ.३) यसले जनसंस्कृति र समाजमा अवस्थित मुख्य विचारलाई सामूहिक रूपमा प्रकट गर्दछ । त्यसैले लोकप्रिय संस्कृति आममानसको संस्कृति हो । यसले समाजमा सकारात्मक परिवर्तनको अपेक्षासमेत गर्दछ ।

सांस्कृतिक कृतिहरूले समाजलाई सकारात्मक परिवर्तनका दिशातर्फ डोऱ्याउन भने असंस्कृत वा लोकप्रिय संस्कृति प्रस्तुत भएका कृतिहरू भने पाठकलाई मनोरञ्जन मात्रै दिने खालका हुन्छन्ः

> म्याथ्यु आर्नोल्डका 'टचस्टोन'हरू उच्च तथा लोकप्रिय÷सांस्कृतिक कृतिमध्येको विभेदमा आधारित थिए । यस किसिमको विभेदअनुसार सेक्सपियर, वड्र्सववगर्क, किट्स, पी.बी. सेलीजस्ता लेखकले उच्चसाहित्यका निर्माण गर्छन् भने त्यही समयमा लेखिएका अन्य लोकप्रिय कृति (उदाहरणका निम्ति जासुसी र रोमान्टिक उपन्यास) भने लोकप्रिय संस्कृतिको परिधिभित्र पर्छन् । उच्च संस्कृतिका कृतिले सांस्कृतिक अराजकतासँग भिड्दै समाजलाई सन्तुलन र सभ्यतातिर धकेल्छन् । लोकप्रिय सांस्कृतिक कृतिले भने केवल पाठकको सस्तो मनोरञ्जन मात्र गर्छन् (उप्रेती, २०७८, पृ.१७, पाँचौं सं.) ।

लोकप्रिय संस्कृति/साहित्य सतही, मनोरञ्जन दिने खाएको हुन्छ भने सांस्कृति साहित्यले समाजमा व्याप्त अराजकतासँग सङ्घर्ष गर्दै सकारात्मक परिवर्तनको अपेक्षा राखेको हुन्छ ।

लोकप्रिय संस्कृति लोकसाहित्यका रूपमा पनि विकास भएको हुन्छ । साहित्यिक कृतिका साथसाथै त्यसका लेखक र पाठक समुदायको संख्या पनि व्यापक रहेको हुन्छ । वास्तवमा लोकप्रिय लेखक र व्यापक पाठक समुदाय उपेक्षामा परेका हुन्छन् । लोकप्रिय साहित्य उपेक्षामा पर्ने विविध कारणहरूमध्ये एउटा कारण अभिजनवादी दृष्टिकोण पनि हो । पाण्डेका अनुसार– लोकप्रिय साहित्यलाई असाहित्यिक, अशिष्ट, सतही, मनोरञ्जन वा व्यावसायिक आदि भनेर यसको अपेक्षा गरिएको पाइन्छ (सन् २०२३,पु.११६) । अभिजात (elite) वर्ग हिन्दीमा अभिजनवादी दृष्टिकोण भनेको पाइन्छ । यसले अभिजनवादी दृष्टिकोणलाई मान्यता दिने र सामान्य मान्छेको संस्कृति अर्थात् लोकप्रिय संस्कृति वा लोकप्रिय साहित्यलाई तल्लो स्तरको संस्कृति मान्ने गरेको पाइन्छ ।

अभिजातीय संस्कृतिलाई मूलधारको संस्कृतिका रूपमा लिने र श्रमिक तथा अन्य सामान्य जनको संस्कृतिलाई उपसंस्कृति (सब कल्चर)का रूपमा लिने परिपाटीको विरोधमा ब्रिटिस सांस्कृतिक अध्ययनले उपसंस्कृति वा लोकप्रिय संस्कृतिलाई मूलधारका रूपमा स्थापित गर्ने काम गऱ्यो ।... अमेरिकी सांस्कृतिक अध्ययनले रक म्युजिक, एमटिभी र खास फिल्महरूबाट उत्तरआधुनिक लोकप्रिय (पपुलर) संस्कृतिको निर्माण भएको ठान्दछ । सीमान्तकृतबाट निर्मित लोकप्रिय संस्कृति उच्च संस्कृतिहरूको प्रभुत्व वा वर्चस्वका विरुद्धको प्रतिकार र तीबाट मुक्ति पनि हो भन्ने निष्कर्ष यसले निकालेको छ (पाण्डे, २०७८, दो.सं., पृ.५९) । ब्रिटिसको सांस्कृतिक अध्ययनले उच्च संस्कृतिको विरोधमा निम्न अर्थात् लोकप्रिय संस्कृतिलाई स्थापित गरेर वर्चस्वशालीको उच्च संस्कृतिका विरुद्ध प्रतिकार गर्दै त्यसबाट मुक्तिको प्रयास गरेको छ ।

यसरी विभिन्न समयमा विभिन्न विद्धान्हरूले सांस्कृतिक अध्ययन गर्ने क्रममा संस्कृतिको एकत्वमा जोड दिएको पाइन्छ । उच्च र निम्न दुवै संस्कृतिको महत्त्व स्थापित गर्नु, तिनको एकत्वमा जोड दिनु र जनताको संस्कृतिका विविध पक्षको अध्ययन गर्नु लेभिसको साहित्य तथा सांस्कृतिक चिन्तनको महत्त्वपूर्ण पक्ष हो (भट्टराई, २०७७, पृ. ९) । संस्कृतिमा उच्च र निम्न संस्कृति रहन नहुने लेभिसको सांस्कृतिक चिन्तनमा महत्त्वपूर्ण पक्षका रूपमा आएको छ ।

संस्कृति जस्तै लोकप्रिय संस्कृतिमा पनि साझा रूपमा अवलम्बन गरिने मूल्य, विश्वास, अभ्यास र भौतिक वस्तुहरू हुन्छन् ।...यसको सम्प्रेषण आमसञ्चारका माध्यमबाट हुने भएकाले त्यो अति शीघ्र, असामान्य र अधिकांशः आवेगात्मक एवम् अराजक तरिकाले भइदिन्छ ।...गीतसङ्गीत, खेल, सिनेमा, खाने–लाउने–पिउने सामग्री, सामाजिक सञ्जालका माध्यम (फेसबुक, टिकटक, इन्स्टाग्राम, विच्याट, टेलिग्राम, स्न्याप, एक्स आदि) बारे पछिल्लो पिँढी अधिक जानकार हुन्छ र फैलाइएको संस्कृति पनि उसैले अवलम्बन गर्छ । यस प्रकार लोकप्रिय संस्कृतिको प्रकृति चलित (डाइनामिक) र प्रचलित (करेन्ट) दुवैको संयोजनमा भएको हुनाले यो संसारभरि एकै समयमा प्रसार भएको पाइन्छ (एटम, २०८१, पृ.२–३) । लोकप्रिय संस्कृतिमा पनि साझा रूपमा अवलम्बन गरिने मूल्य, विश्वास, अभ्यास र भौतिक वस्तुहरू भए तापनि यो सतही प्रकारको हुन्छ । यसले तात्क्षणिक समय अवलम्बन गर्दै एकैपटक संसारभर पुग्ने अपेक्षा राखेको हुन्छ । अतः लोकप्रिय संस्कृति सामाजिक सञ्जालमार्फत एकै समयमा विश्वभर फैलिएको देख्न सकिन्छ ।

सामान्य रूपमा उत्पादित संस्कृति लोकप्रिय संस्कृति हो । यो आकाशबेली जस्तै जराविहीन लहरा हो । लोकप्रिय संस्कृति बर्से भेल जस्तै ह्वात्तै आउने र हराउने गर्छ । यसको बजारीकरण सञ्जालका माध्यमद्वारा व्यापक हुने गर्छ ।

> खेलौना, समरलभ, गुलाबी उमेर यसै प्रवृत्तिका प्रतिनिधि उपन्यासहरू हुन् र यी बजारशास्त्रमा आधारित 'युधिर थापा लेखन' का पछिल्ला संस्करणहरू मात्र हुन् । सामाजिक सञ्जालमा बढी समय बिताउने देश–खुनियाँबाट बेखबर एक थरी युवाहरूको रमाइलोका लागि लेखिएका यस्ता उपन्यासहरूलाई कर्पोरेट मेडियाहरू तथा बौद्धिकताहीन साहित्यिक स्तम्भकारहरूले होहल्लामा ल्याउन खोज्नु अनौठो नभए पनि सचेत पाठक तथा गम्भीर समालोचकहरूका दृष्टिमा यस्ता उपन्यासहरू चासो र चर्चाका विषय बन्ने गरेका छैनन् र बन्दैनन् । यस किसिमको लेखन भनेको मौसमी लेखन अर्थात् लेखनको फेसनबाजी हो (बराल, २०७७, पृ.३२५) ।

लोकप्रिय संस्कृतिलाई फेसनका रूपमा पनि हेरिन्छ । यो केही समयपछि हराउने चल्दो फेसन हो । लोकप्रिय संस्कृति सधैँ एकैनासको रहँदैन यो त फेसन जस्तै परिवर्तन भइरहन्छ ।

लोकप्रिय संस्कृति रमाइलोका लागि प्रयोग गरिने सतही मनोरञ्जनका साधन हुन् । जसअन्तर्गत साहित्यिक विधामा पनि केही क्षणका लागि यसको एउटा लहर आउछ र हराउछ जसमा गतिशीलताविहीन चित्रण हुन्छ ।

लोकप्रिय कला उच्च वर्ग एवम् पुजीँपतिबाट लादिएको कला हो । यो सर्वत्र फिँजिएको हुन्छ । लोकप्रिय कला भनेको जनताका व्यापक समुदायका लागि रचना गरिएको कला हो, अल्पसङ्ख्यकबाट शोषित बहुसङ्ख्यक, 'स्वयम् वास्तविक जनता', उत्पादक समुदाय, लामो समयदेखि राजनीतिको वस्तु बनेको र अब त्यसको कर्ता बन्नुपर्ने जनताका लागि रचना गरिएको कला हो (चापागाईँ, २०७६, दो.सं., पृ. २२०) । लोकप्रिय कला जनताको व्यापक समुदायका लागि रचना गरिएको कला हो । यसको उपभोक्ता स्वयम् श्रमजीवी वर्ग अर्थात् शोषित वर्गहरू नै हुन् ।

लोकप्रिय संस्कृति सतही हुन्छ । यो आर्थिक उपार्जनको आधार हो । लोकप्रिय संस्कृति कुनै खँदिलो कुरा होइन किनभने यो कहिल्यै गहिराइमा जाँदैन । यो बजारीकरण र वितरणको कला अनि आमसञ्चारको आवश्यकता हो । यसलाई तपाईंहरू उपभोक्तावाद भनेर बुझ्न सक्नुहुन्छ (ट्रभोर डन (अमेरिकी सङ्गीतकार), उद्धृत, एटम,२०८१, पृ.१) । लोकप्रिय संस्कृति आमसञ्चारका माध्यमबाट बजारीकरण र वितरण हुने कला हो ।

लोकप्रिय संस्कृति सांस्कृतिक अध्ययनमा एक महत्त्वपूर्ण अवधारणाका रूपमा विकास भएको संस्कृति हो । यसको अध्ययन युरोपबाट पहिलादेखि नै भएको भए पनि विश्लेषण भने पछि मात्रै भएको पाइन्छ ।

ब्रिटिस सांस्कृतिक अध्ययनले सर्वप्रथम यसलाई गम्भीर अध्ययन विश्लेषणको विषय बनाएको पाइन्छ । लोकप्रिय संस्कृतिप्रति सकारात्मक धारणसहित सांस्कृतिक अध्ययनमा यसको अध्ययन गर्न आरम्भ गरिएको थियो । सांस्कृतिक आलोचनाको परम्परामा उच्च र निम्न संस्कृतिको धारणा पाइन्छ र लोकप्रिय संस्कृतिलाई निम्न संस्कृतिका रूपमा आलोचना गरेको देखिन्छ (गिरी, २०७०, पृ.३३) ।

लोकप्रिय संस्कृतिका विकास युरोपमा पहिलादेखि हुँदै आएको भए पनि विश्लेषण पछि भएको देखिन्छ । यो गम्भीर अध्ययनको विषयका रूपमा ब्रिटिसबाट सुरू भएको प्रस्ट हुन्छ । सांस्कृतिक आलोचनाका क्षेत्रमा उच्च र निम्न संस्कृतिको अवधारणा पाइए तापनि लोकप्रिय संस्कृतिलाई भने निम्न संस्कृतिका रूपमा लिइएको छ । सांस्कृतिक अध्ययनभित्र लोकप्रिय संस्कृति विश्लेषणका चार वटा प्रकारहरू रहेका छन् । उत्पादन विश्लेषण, पाठात्मक विश्लेषण, ग्रहण विश्लेषण र ऐतिहासिक विश्लेषण ।

संस्कृतिले पुँजीवादको पक्ष पोषण गरेको हुन्छ । यसले सञ्चारका विभिन्न माध्यममाबाट प्रभाव पारेको हुन्छ । द्वितीय विश्वयुद्धपछि विश्वमा फस्टाएको उदारीकरण र पुँजीवादको संस्कृतिले सञ्चारमा पनि प्रभाव पार्‍यो । मक्वेलले यसलाई 'मास कल्चर' अर्थात् आम संस्कृतिका रूपमा व्याख्या गरेका छन् । यसअन्तर्गत 'लोकप्रिय संस्कृति'ले सबैभन्दा बढी चर्चा पाएको छ (दाहाल, २०७०, पृ. ७७) । 'लोकप्रिय संस्कृति' ले सञ्चारका माध्यमबाट छिट्टै फैलिने मौका पाउँछ जसको बजारीकरण विश्वभर हुन्छ ।

व्यक्तिको सिर्जनासम्बन्धी कार्यलाई उच्च संस्कृति मानिन्छ भने सामूहिक रूपमा निर्मित कार्यलाई लोकप्रिय संस्कृतिका रूपमा लिइन्छ । लोकप्रिय संस्कृति प्रभुत्व प्राप्तिका लागि शासक वर्गले निर्माण गर्छ (घर्ती, २०८१, पृ. ९७) । लोकप्रिय संकृतिको सर्वाधिकार सम्पन्न वर्गले गर्छन् । जसको उपभोक्तका रूपमा श्रमजीवी वा शासित वर्ग रहेका हुन्छन् ।

लोकप्रिय संस्कृति सीमित समयमा धेरै पाठकहरूमाझ पुग्न सफल भई समयअनुसार परिवर्तन पनि हुन्छ । लोकप्रिय संस्कृति पाठकको वास्तविक मनोविज्ञान पक्रेर लेखिएको साहित्यिक प्रवृत्ति हो । यसमा खास पाठकको मनोविज्ञान तथा प्रवृत्तिलाई लक्षित गरी साहित्य सिर्जना गरिन्छ (विष्ट, २०८२, पृ. ३) । लोकप्रिय संस्कृतिले पाठकको मनोविज्ञानलाई लक्षित गरी परिवर्तनको मार्ग तय गरेको पाइन्छ ।

समग्रमा भन्दा लोकप्रिय संस्कृति भनेको सतही, परिवर्तनशील, फेसनका रूपमा आउने मौसमी खेती जस्तै वस्तु हो । यो तात्क्षणिक रूपमा अगाडि बढ्ने युवावर्गको रोजाईको संस्कृति हो । लोकप्रिय संस्कृति बर्से भेल जस्तै एक्कासी आउने र क्षणमै हराउने सतही प्रकृतिको हुन्छ । यो सत्य तथ्यमा आधारित नभएर फेन्टासी हुन्छ ।

## ३. विमर्श र परिणाम

प्रस्तुत अनुसन्धानात्मक लेखका निम्ति कथाकार दुर्गा कार्कीको कथा सङ्ग्रहमा सङ्ग्रहित 'अदुवा' कथालाई गरिएको छ । दुर्गा कार्की रोमान्स र सम्बन्धको विपर्यासमा रुमल्लिरहेको युवापुस्ताका समस्याहरूको चित्रण गर्न सिपालु कथाकार हुन् । उनको 'लाइट बाल्ने केटो' फिल्मी शैलीको सतही र भावुक प्रेम प्रकट गर्ने किशोर–किशोरीको रोचक कथा हो (लुइटेल, २०७७) । यसर्थ 'अदुवा' कथामा नयाँ पुस्ताका पाठकहरूको अभिरुचिमा परेको उपर्युक्त कथाले लोकप्रिय संस्कृतिका विभिन्न विषयगत एवम् शैलीगत तत्त्वहरू उपयोग गरेको छ र कथालाई आकर्षक बनाई आमपाठकको अध्ययनशीलतालाई बिस्तार गरेको छ । त्यसैले 'अदुवा' कथामा प्रयुक्त लोकप्रिय संस्कृतिको प्रभाव, त्यसले प्रतिबिम्बित गरेको नेपाली समाजको परिवर्तनको दिशा एवम् नयाँ पुस्ताको चिन्तनकाबारे विमर्श गर्न र त्यसको परिणाम देखाउन यहाँ संयोग, यात्रा, भावुक प्रेम र क्रियाकलापको प्रयोगको विश्लेषण गरी तिनबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

### ३.१ संयोग

कथानकमा संयोग महत्त्वपूर्ण चिज हो । कथाकार कार्कीको अदुवा कथामा पनि धेरैओटा संयोगले भूमिका खेलेको देख्न सकिन्छ । कथाकार कार्की संयोग उत्पन्न गराएर कथालाई रोचक बनाउन सिपालु कथाकार हुन् । उनका यसप्रकारका कथाले युवावर्गमा एकप्रकारको आकर्षण पैदा गरेका छन् । सुरुमा थाकेर उभिएको बेला भेटिएकी युवती पटकपटक भेटिएर संयोग उत्पन्न गरेको सन्दर्भले कथालाई रोचक बनाएको छ । जस्तै: भरतहरूले अघि नै आएर होटल खोजिसकेका थिए । शरीरको पसीना ओभाएपछि होटल जान उठेको मात्र के थिएँ, उही राम्री केटी ज्याकेटको बाहुलाको पानी टकटकाउँदै थर्पुभित्र पसी (पृ.१५६) । सँगै गएका साथीहरूले छोडेपछि 'म' एक्लै भएको बेलामा नारी पात्र तथा सौगात पुग्नु संयोग भएको छ । जसले 'म' पात्रलाई एक्लो हुन दिएको छैन । प्रस्तुत सन्दर्भले 'म' थाकेर एक्लै भएको बेला अब ऊ कसरी अगाडि बढ्ला भन्ने कौतूहलतालाई संयोगवश यात्राकै क्रममा भेटिएकी सौगात भेटिएको सन्दर्भले पाठकलाई रोचकता प्रदान गर्न सफल भएको छ । अर्को संयोग–चिनेजस्तो स्वर नजीक आउँदै गरेजस्तो लागेर ब्यूँझेँ । तन्किएर हेरेको त यही अदुवावाली रहिछे । हत्तपत्त ज्यान उठाएँ, दुई हातले मुख पुछे । "ओहो ! तपाईँ त पुगेरै फर्कनुभयो कि के हो ?" बाटैबाट बोली ऊ । उस्तै हाँसो हाँसेर (पृ.१५९) । थाकेर लखतरान परेको बेला सौगात एक्कासी अगाडि आउनु यो एउटा संयोग मात्रै होइन कथालाई रोमाञ्च बनाउने कला पनि हो । जस्तैः "तपाईँको ब्याग बोकिदिऊँ ?" म नोस्टाल्जिक भएछु, उसको स्वरले झस्किएँ (पृ.१६१) । आफ्नो विगतमा अल्झिएको 'म' पात्रले एक्कासी "तपाईँको ब्याग बोकिदिऊँ ?" भन्ने कसैको आवाजले झस्किन्छ र सामान्य अवस्थामा आउने प्रयत्न गर्छ ।

अन्तिममा सूचना नै नदिइकन जाँदा पनि सौगातसँग भेट भएको संयोग देखाइएको छ । जसलाई निम्न कथनबाट प्रस्ट पार्न सकिन्छ– थाहै नपाइ मेरा आँखा बग्न थालिसकेछन् । ...सल्काएर हातमा लिएको चुरोट तान्ने मेसो पनि पाएको रहेनछु, कसैले हातको चुरोट तानेर भन्यो, "नराम्ररो कुरा त नसिक्नु नि...(पृ.१७३)" 'म' पात्र जसले सौगातलाई खबरै नगरी गोसाईकुण्ड गएको थियो । 'म' पात्र सौगातकै यादमा तड्पिएर आँसु बगाउँदै चुरोट सल्काउँदै गरेको बेला एक्कासी सौगातले चुरोट तान्दिनुले कथालाई अझ बढि रोचक बनाएको छ । उपर्युक्त कथांशलाई हेर्दा प्रस्तुत कथामा धेरैओटा संयोगले भूमिका खेलेको प्रस्ट हुन्छ । यसप्रकार कथाकार कार्की कथामा विभिन्न संयोग उत्पन्न गरी पाठकलाई रोचकता प्रदान गर्न सफल कथाकार हुन् । कार्कीका कथाले संयोगका माध्यमबाट पाठकवर्गलाई कौतूहलता उत्पन्न गराएका छन् । सुरुमा भेटिने, अर्कोपटक (चिया पिउन जाँदा होटलमा) भेटिने, सुत्न लागेको होटलमा भेटिने, अन्त्यमा चुरोट खाएको बेला अकस्मात् आएर चुरोट थुँतिदिनेजस्ता संयोगले कथामा रोचकता सिर्जना गरेको देखिन्छ ।

### ३.२ यात्रा

जोडी भएर अथवा स्लोट्रिप भनेर जाने परम्परा नै लोकप्रिय संस्कृति हो । गोसाईकुण्ड जाने प्रचलन पनि लोकप्रिय संस्कृति हो । प्रस्तुत कथामा 'म' पात्र स्लो ट्रिप (एक्लै यात्रामा) भनेर यात्रामा निस्किएको छ । उसको अपेक्षा सौगातलाई भेट्ने पनि हो । एक्लै यात्रामा निस्किने पछि गएर केटा साथी र केटी साथी (गर्ल फ्रेन्ड, ब्वाइ फ्रेन्ड) भएर जाने प्रचलन लोकप्रिय संस्कृति अन्तर्गत पर्दछ । प्रस्तुत कथामा पनि यस्तै खालको प्रवृत्ति देख्न सकिन्छ– हो म मुर्ख । पहिलोपटक जाँदा त्यत्रो दुःख पाएर पनि नपुगेर फेरि जान कस्सिने मुर्ख (पृ.१५५) । गोसाईकुण्डको यात्रा त्यसमाथि पहिलो यात्रा थियो 'म' पात्रको । पहिलो यात्रामा साथिहरूले एक्लै गराएको, बाटोमा हिँडन नसकेको, बिरामी परेको लगायतका दुःखहरूको सम्झना हुँदाहुँदै पनि ऊ पुनःयात्रामा जान कस्सिएको छ । त्यसका पछाडि कारण थियो सौगातसँग भेट हुन्छ कि भन्ने आश । लोकप्रिय संस्कृतिमा एक्लै (स्लोट्रिप भनेर)

यात्रामा निस्किने र बिचमा गएर केटाकेटी दुईजना हुने चलन व्याप्त रहेको छ । उपर्युक्त कथनमा स्लोट्रिप लोकप्रिय संस्कृतिको प्रभाव 'म' पात्रमा पनि परेको देख्न सकिन्छ ।

त्यसैगरी सौगात पनि घरबाट एक्लै यात्रामा निस्किएकी छ । ऊ एकपटक नभएर पटकपटक यात्रामा एक्लै निस्किएकी छ– सौगात रहेछ नाम । पोखरादेखी एक्लै आएकी र एक्लै ट्राभल गर्न मनपर्ने रै'छ । गोसाईकुण्ड आएको तेस्रोपल्ट रे (पृ.१५९) । लोकप्रिय संस्कृतिमा यात्रालाई पनि महत्त्वपूर्ण विषयका रूपमा लिइएको छ । यसमा केटा होस् वा केटी जो पनि एक्लै वा दुईजना भएर यात्रा गर्न सक्छन् ।

सौगात एउटा केटी मान्छे भएर पनि कुनै कुराको भय नमानी पटकपटक एकल यात्रामा निस्किनुले एकातिर पितृसत्तात्मक परम्परलाई चुनौती दिइएको देखिन्छ भने अर्कातर्फ नारी स्वतन्त्रतालाई पनि प्रश्रय दिइएको देख्न सकिन्छ । पछिल्लो समयमा नारीहरू पनि एकल तथा साहसिक यात्रामा तल्लिन रहेका छन् । जस्तैः स्लीपिङ ब्याग ओढाइदिएर झोलाको सिरानीले टाउकोतिर अग्लो बनाइदिएर मतिर हेर्रेर सोधी, "फीलिङ बेटर (पृ.१६३) ?" भन्ने कथांशले विकट ठाउँ अझ भन्नुपर्दा जङ्गलको बिच, आफन्त कोही नभएको ठाउँ जहा नचिनेको केटा साथीसँग एउटै स्लीपिङ ब्यागमा रात बिताउन तयार सौगातको व्यवहारले एकातिर नारीहरू कमजोर छैनन् भन्ने कुरालाई पुष्टि गरेको छ भने अर्कातिर नारीको आत्मविश्वासलाई प्रस्ट पारेको छ ।

**३.३ भावुक प्रेम**

भावुक प्रेम भन्नाले विपरीत लिङ्गीप्रति भावुकता सिर्जना गर्नु हो । यसरी भावुकता सिर्जना गर्नका लागि व्यक्तिबिच आ–आफ्ना अनुभूति साझा गर्ने, परस्पर विश्वास कायम गर्ने र आपसी सम्बन्ध स्थापित हुने आकाङ्क्षा राखिन्छ । यस्तो प्रेममा रमाइला कुराकानी, सद्भावपूर्ण व्यवहार तथा सङ्कटमय परिस्थितिमा साथ दिइन्छ । 'अदुवा' कथामा केही समयको साथपछि गोसाइँकुण्ड घुम्न गएको 'म' पात्र (केटो) र 'सौगात' (केटी पात्र) दुईजना युवा–युवती एकअर्काका व्यवहारबाट आकर्षित हुन्छन् र सिङ्गल स्लीपिङ ब्यागमा सँगै रात बिताउछन् –धेरै बेरसम्म दुवै केही बोलेनौं । मधुरो बत्ती, बाहिर दररर दर्किरहेको पानी अनि टेन्टभित्र दुईजना तन्नेरी (पृ.१६५) । उक्त कथनमा दुईजना तन्नेरी भनेर 'म' पात्र (केटो) र 'सौगात' (केटी पात्र) लाई भनिएको छ । कथाकारले स्लीपिङ्ग ब्यागभित्रको वातावरण, 'म' पात्र (केटो) र 'सौगात' (केटी पात्र)को मनभित्रको भाव र बाहिरी वातावरणलाई कलात्मक रूपमा प्रस्तुत गरेकी छन् । उपर्युक्त सन्दर्भमा दुई पात्रहरू केही समयको सङ्गतका कारण विरानो ठाउँमा पनि ढुक्कसँग एउटै स्लीपिङ ब्यागभित्र रात बिताउन सफल भएका पक्षलाई सङ्केत गरेको देख्न सकिन्छ ।

उनीहरूका आ–आफ्नै कथा, व्याथा छन्, आ–आफ्नै पारिवारिक पृष्ठभूमि छन् र तिनका बारेमा सद्भावपूर्ण संवाद गरेर विश्वासको सुन्दर परिवेश निर्माण गर्न सफल भएका छन् । उनीहरूको त्यो सम्बन्ध बिस्तारै भावुक प्रेममा रुपान्तरण भएको देखिन्छ । प्रस्तुत कथामा भावुकता सिर्जना गर्नका लागि सौगात (केटी पात्र)ले म एडप्टेड हुँ र आमासँग मेरो साथी जस्तो सम्बन्ध थियो भन्दै सौगातले भन्छे–

> "तिमीलाई पाँच वर्षअघि पोखराबाट गोसाइँकुण्ड आउदै गरेको जीप एक्सिडेन्ट भएको याद छ ?"..मैले टाउको हल्लाएँ । उसको बोलीको भारीपनले मलाई अब कुराकानी गम्भीर दिशातर्फ जाँदैछ भन्ने भान भइरहेको थियो .."त्यो एक्सिडेन्टमा मेरी आमा हुनुहुन्थ्यो ।" ...यति भनेर उसले फेरि लामो सर्को तानी । म निःशब्द भए ।... स्मृतिमा डुबेर उसले नर्भस हाँसो हाँसी । र आफ्नै सुरमा फेरि बोली, "सी वाज लाइक ए चाइल्ड यू नो...सी वाज माई बेस्ट फ्रेन्ड..."(पृ.१६७–१६८) ।

उक्त कथांशमा 'म' पात्र र सौगातको भेटमा भएको संवादले भावुक प्रेम सिर्जना गरेको छ । यसमा 'म' पात्र र सौगातको भेटले यी दुई पात्रबिच अनुभूतिको साटासाट गर्न सहज वातावरण प्राप्त भएको छ, दुईप्रति आकर्षण बढाएको छ र भावुक प्रेम कायम राख्न आपसी विश्वासको वातावरण सिर्जना गरेको छ ।

'म' पात्र गोसाइँकुण्डको यात्रामा निस्किने बेलामा 'म' पात्रकी दिदीले आफू गोसाइँकुण्ड पुग्न नसके पनि भाइलाई धूपअक्षता दिँदै भनेको कथनले पनि दिदी, भाइका बिच भावुक प्रेम सिर्जना भएको देखिन्छ–पर्सिपल्ट बिहानै झिटिगुन्टा कसेर म निस्कनै लाग्दा धूपअक्षताको छुट्टै पोको झोलामा हालिदिँदै दिदीले भनी, "आफू पुग्न नसकेनि जसरी नि एउटा बच्चा होओस् भनेर नबिर्सीकन यत्ति चढाइदे है (पृ.१५८) ।" प्रस्तुत कथनमा 'म' पात्र यात्रामा निस्किने बेलामा दिदीले दिएको कथनले भावुक चित्रण गरेको छ । परम्परागत मूल्य, मान्यताले जकडिएको पितृसत्तात्मक समाजमा सन्तान नभएकोमा नारी दोषी हुनुपर्ने भावुक चित्रण दिदीले जसरी पनि सन्तान होओस् भनेर धूपअक्षता चढाइदे है भनेको कथनले गहिरो भावुकता सिर्जना गरेको छ । यात्रामा गएको भाइ माथिसम्म जान नसक्दा पटकपटक दिदीको उपर्युक्त कथनलाई सम्झिएर भावुक भएको छ । कथाकारले कथामा पात्रहरूका माध्यमद्वारा भावुक प्रेम सिर्जना गर्न सफल भएकी छन् । उपयुक्त सन्दर्भहरूका आधारमा प्रस्तुत कथा भावुक प्रेमका दृष्टिले सबल रहेको प्रस्ट हुन्छ ।

### ३.४ क्रियाकलाप

क्रियाकलाप भन्नाले विपरीत लिङ्गीसमक्ष विभिन्न कार्य गरेर क्रियाकलाप सिर्जना गर्नु हो । यसरी क्रियाकलाप सिर्जना गर्नका लागि व्यक्तिबिच आ–आफ्ना अनुभूति साझा गर्ने, परस्पर विश्वास कायम गर्ने र आपसी सम्बन्ध स्थापित हुने आकाङ्क्षा राखिन्छ । यस्तो क्रियाकलापमा पात्रहरूले रमाइला कुराकानी, सद्भावपूर्ण व्यवहार तथा सङ्कटमय परिस्थितिमा साथ दिएका हुन्छन् । 'अदुवा' कथामा केही समयको साथपछि गोसाईकुण्ड घुम्न गएका 'म' पात्र (केटो) र 'सौगात' (केटी पात्र) दुईजना युवा–युवती एकअर्काका व्यवहारबाट आकर्षित हुन्छन् र विभिन्न क्रियाकलाप गर्न थाल्छन् । 'अदुवा' कथामा सौगातले गरेका विभिन्न क्रियाकलाप र त्यसमा 'म' पात्रको साथले यो कुरालाई स्पष्ट पारेको देख्न सकिन्छ–

> ऊ लाइटर र चुरोट लिएर टेन्टको मुखैनेर म्याटको एक छेउमा बसी । उसका चिसा गोडा मेरा ताता गोडासित छोइए । मैले स्वाट्ट गोडा माथि सारेँ । लाइटर पार्दै ऊ अर्कोपट्टि हेरेर हाँसेजस्तो लाग्यो ।...चुरोटको लामो सर्को तानेर नाकमुखबाट धुँवा उडाउँदै ऊ बोली । मलाई कसैले चुरोट खाएको यति कलात्मक कहिल्यै लागेको थिएन (पृ.१६६) ।

उपयुक्त कथांशमा केही समय साथमा रहेका तन्नेरीहरूकाबिचको सद्भावपूर्ण व्यवहार, अनुभूतिको साटासाट, उनीहरूप्रति उत्पन्न भएको आकर्षणयुक्त प्रभाव तथा एकअर्काप्रतिको विश्वासपूर्ण व्यवहारले 'अदुवा' कथामा पछिल्लो पुस्तामा सिर्जना भएको क्रियाकलाप स्पष्ट रूपमा देखिएको छ । 'अदुवा' कथामा पात्रहरूको फरक क्रियाकलापलाई नसाको रूपमा भन्दा पनि केही क्षणको रमाइलाका लागि पात्रहरूले चुरोट सेवन गरेको देखिन्छ । सौगातले कलात्मक तरिकाले चुरोट सेवन गरेको देखेर आश्चर्यचकित परेको 'म' पात्रलाई पनि चुरोट सेवन गर्ने कौतूहलता जाग्छ र उसले सौगातलाई प्रश्न गर्छ – "म सधैँ खान्नँ । कहिलेकाहीँ रेगुलर ट्रयाकबाट बाहिर जान मनपर्छ । नर्मल लाइफ इज टू बोरिङ, यू नो (पृ.१६६) ।" भन्ने कथनले मानिस कहिलेकाहीँ हिँडी रहेको बाटोभन्दा अलग बाटो पनि हिँड्नुपर्छ तर सधैँ अलग बाटो हिँड्नु हुन्न भन्ने आशय दिइएको देखिन्छ ।

फरक स्वाद र फरक अनुभवले मानिसमा पृथक ज्ञान प्राप्त हुने गर्छ । सधैँ एकै किसिमको व्यवहारले मानिसलाई दिक्दारी पैदा गर्दछ । त्यसैले सौगातको "म सधैँ खान्नँ । कहिलेकाहीँ रेगुलर ट्रयाकबाट बाहिर जान मनपर्छ । नर्मल लाइफ इज टू बोरिङ, यू नो ।" भन्ने कथन यतिबेला सहि देखिएको छ । मानिस भइसकेपछि जीवनमा नयाँ–नयाँ कुराहरूको अनुभव गर्नुपर्छ । चुरोट रक्सी त सामान्य कुरा हुन् । जीवनमा जति रिक्स लिन सक्यो उति नवीन ज्ञान प्राप्त गर्न सकिन्छ भन्ने आशय कथाकार दुर्गा कार्कीले 'अदुवा' कथाका पात्रहरू मार्फत प्रस्फुटन गरेकी

छन् । यसै सन्दर्भमा केही क्षणका लागि सौगातको क्रियाकलापमा 'म' पात्रले सहभागीता जनाउँछ । उसले सौगात सँगै चुरोट खान सिक्छ । यसरी चुरोट खान सिकेकोमा उसलाई आनन्दको अनुभूति भएको भाव 'म' पात्रले यसरी व्यक्त गरेको छ– त्यस रात, टेन्टको छानोमाथि वर्षेको पानीको सङ्गीतमा मलाई संसारकी सबैभन्दा सुन्दर युवतीले नखोकीकनै चुरोट खान सिकाई । कुनै गलत कुरा सिकेकोमा मलाई यति आनन्दको अनुभूति कहिल्यै भएको थिएन (पृ.१६८) । भन्ने कथांशले युवावर्गलाई नयाँनयाँ कुराको अनुभव लिने अवसर आफ्नै मिल्ने साथीमार्फत प्राप्त भएको हुन सक्छ भन्ने भाव अभिव्यक्त छ । आफ्नो उमेर समूहका साथीहरू मार्फत मानिसले विभिन्न क्रियाकलाप सिक्ने गर्दछ । कहिले देखासिकी गरेर, कहिले उसको प्रभावमा परेर त कहिले कौतूहलताका कारण मानिसले विभिन्न क्रियाकलाप गर्न अग्रसर हुन्छ भन्ने भाव प्रस्तुत कथामा अभिव्यक्त भएको छ । कथाकारले कथामा पात्रहरूका माध्यमद्वारा विभिन्न क्रियाकलाप सिर्जना गर्न सफल भएकी छन् । उपयुक्त सन्दर्भहरूका आधारमा प्रस्तुत कथा क्रियाकलापका दृष्टिले सबल रहेको देखिन्छ ।

## ४. निष्कर्ष

लोकप्रिय संस्कृति (पपुलर कल्चर) भनेको अधिक मानव समूहले अवलम्बन गरेको संस्कृति हो । यसको फैलावट छोटो समयमा अर्थात् एकैपटक व्यापक क्षेत्रमा हुने गर्छ । यसको प्रसार सञ्चारका माध्यममार्फत हुने गर्छ । लोकप्रिय संस्कृतिको उपभोग अधिक रूपमा मोबाइल, फिल्म, टेलिभिजन, रेडियो लगायतका सञ्चारका साधन र नयाँ–नयाँ प्रविधिका साधनमार्फत् गरिन्छ पछिल्लो समयमा सामाजिक सञ्जाल प्रयोगकर्ताहरूको वृद्धि तिव्ररूपमा बढेको हुनाले यसको विषयवस्तु, शैली र अभ्यासले साहित्यलाई लोकप्रिय संस्कृतिका तत्त्वहरू प्रयोग गर्न र आमजनमानसका बिचमा फैलिन प्रेरित गरेको छ । कथाकार कार्कीले विपरित लिङ्गप्रति विभिन्न प्रकारका भावनाहरू उत्पन्न गरी पाठकको ध्यान केन्द्रित गरेकी छन् । एक्लै यात्रामा निस्किएर केटाकेटी भएर यात्रा गर्नु वा एक्लै नै यात्रा गर्नु पनि लोकप्रिय संस्कृति हो । कथाकार कार्कीका कथामा 'म' पात्र घरबाट एक्लै यात्रामा निस्किनमा सौगातसँग भेट हुन्छ कि भन्ने आशय रहेको देख्न सकिन्छ भन्ने सौगात पटकपटक एक्लै यात्रामा निस्किनुले नारी स्वतन्त्रता तथा यात्रामा आत्मविश्वास देख्न सकिन्छ । कथामा सुरुमा भेटिने, अर्कोपटक भेटिने, सुत्न लागेको होटलमा भेटिने, अन्त्यमा चुरोट खाएको बेला अकस्मात् आएर चुरोट थुँतिदिनेजस्ता संयोगले कथा रोचक भएको छ । आफ्नो उमेर समूहका साथीहरू मार्फत मानिसले विभिन्न क्रियाकलाप सिक्ने गर्दछ । कहिले देखासिकी गरेर, कहिले उसको प्रभावमा परेर त कहिले कौतूहलताका कारण मानिसले विभिन्न क्रियाकलाप गर्न अग्रसर हुन्छ भन्ने भाव प्रस्तुत कथामा अभिव्यक्त भएको प्रस्ट हुन्छ । कथाकारले कथामा पात्रहरूका माध्यमद्वारा विभिन्न क्रियाकलाप सिर्जना गर्न सफल भएकी छन् । उपयुक्त सन्दर्भहरूका आधारमा प्रस्तुत कथा संयोग, यात्रा, भावुक प्रेम र क्रियाकलापका दृष्टिले सबल रहेको निष्कर्ष निकालिएको छ । यसर्थ 'अदुवा' कथामा लोकप्रिय संस्कृतिको प्रयोग गरिएको छ भन्ने तत्त्व मीमांसा, कुन–कुन ठाउँ वा कुन–कुन अवस्थामा लोकप्रिय संस्कृतिको प्रयोग गरिएको छ भन्ने ज्ञान मीमांसा भने यस कथामा लोकप्रिय संस्कृति प्रयोग गरेर सौन्दर्यपक्ष कलात्मक बनेको छ र त्यसले समसामयिक जीवनसँग निकटताको सम्बन्ध स्थापित गरेको छ भन्ने मूल्य मीमांसा यसमा प्रयुक्त रहेको निष्कर्ष निकालिएको छ ।

## सन्दर्भ सामग्रीसूची


1. एटम, नेत्र (२०८१).लोकप्रिय संस्कृति र साहित्यिक समालोचना. काठमाडौँ: तन्नेरी पत्रिका ।
2. एटम, नेत्र (२०८२). वाङ्मय. कीर्तिपुरः अनुसन्धान व्यवस्थापक समिति, नेपाली केन्द्रिय विभाग, त्रिभुवन विश्वविद्यालय, V0l.22, No. (1) = पृ. 67-79.
3. उप्रेती,सञ्जीव (२०७८,पाँचौं सं.). सिद्धान्तका कुरा. काठमाडौँः बुक–हिल पब्लिकेसन प्रा. लि. ।

4. कार्की, दुर्गा (२०२०). कुमारी प्रश्नहरूः काठमाडौँ, पब्लिकेसन नेपा–लय, कालिकास्थान।
5. गिरी, अमर (२०७०), सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा, भृकुटी. लिखत पाण्डे (सम्पा.), भाग–१९, पृ.११–४६
6. घर्ती, दुर्गा (२०८१). सांस्कृतिक अध्ययनः काठमाडौँ, इन्डिगो इन्क प्रा. लि., अद्वैतमार्ग।
7. दाहाल, ऋषिकेश (२०७०), नेपालमा साइबर संस्कृति, भृकुटी. लिखत पाण्डे (सम्पा.), भाग, १९, पृ. ७६–८२।
8. थापा, अशोक (२०२५).लाइट बाल्ने केटो र शुटिङ रिपोर्ट कथामा लोकप्रिय संस्कृति SAHAYATRA (सहयात्रा). V0l.8 (1), वर्ष ८ (१), May 2025 18-24।
9. पाण्डेय, मैनेजर (सन् २०२३, तृ.सं.). साहित्य और समाजशाश्त्रीय दृष्टि. हरियाणा: आधार प्रकाशन प्राइवेट लिमिटेड।
10. पाण्डे, ताराकान्त (२०७८, दो.सं., पृ.५९), माक्र्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र, ललितपुरः साझा प्रकाशन।
11. ब्रेख्त, वर्तोल्ट (२०७६,दो.सं.).लोकप्रिय र यथार्थवादी सौन्दर्यचिन्तन.(सम्पा. र अनु.निनु चापागाईं). ललितपुरः साझा प्रकाशन, पृ.२१९–२२६।
12. बराल, ऋषिराज (२०७७).नेपाली समाजको बदलिँदो स्वरूप, यथार्थ र प्रतिबिम्बनः ललितपुर, साझा प्रकाशन, पृ.२९६–३४७।
13. भट्टराई, रमेशप्रसाद(२०७८ पुनःमुद्रण). सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भः काठमाडौँ, बागबजार भुँडीपुराण।
14. विष्ट, मोहनबहादुर (२०८२). नारायण वाग्लेका उपन्यासमा लोकप्रिय संस्कृति. (अप्रकाशित दर्शनाचार्य–विद्यावारिधि शोधप्रबन्ध). कीर्तिपुर: त्रिभुवन विश्वविद्यालय।
15. Banerjee, kathakali (2023). The relation between popular culture and popular fiction. Journal of Humanities and Social Sciences, 28 (8), pp1-3.
16. Storey, john (2024). Cultural theory and popular Culture: An introduction. (10th ed). London: Rutledge.